आज मिति २०८० साल भाद्र १७ गते सुन्दरबजार नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद कोइराला ज्यूको अध्यक्षतामा बसेको आ.व २०८०/८१ को दोस्रो बैठकमा तपशिल अनुसारको उपस्थिती रह्यो ।

तपशिल

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | कृष्ण प्रसाद कोइराला | नगर प्रमुख | |
| २ | भवानी के.सी | उप प्रमुख | |
| ३ | कर्न बहादुर गुरुङ | अध्यक्ष वडा नं १ | |
| ४ | नविन कुमार श्रेष्ठ | अध्यक्ष वडा नं २ | |
| ५ | अमृत न्यौपाने | अध्यक्ष वडा नं ३ | |
| ६ | कृष्ण प्रसाद अधिकारी | अध्यक्ष वडा नं ४ | |
| ७ | श्रीकाजी गुरुङ | अध्यक्ष वडा नं ५ | |
| ८ | दिनेश बाबु कोइराला | अध्यक्ष वडा नं ६ | |
| ९ | जय राम रेग्मी | अध्यक्ष वडा नं ७ | |
| १० | विजेन्द्र थापा | अध्यक्ष वडा नं ८ | |
| ११ | मनराज गुरुङ | अध्यक्ष वडा नं ९ | |
| १२ | दिपक राज ढकाल | अध्यक्ष वडा नं १० | |
| १३ | ओम बहादुर दुरा | अध्यक्ष वडा नं ११ | |
| १४ | राधा मल्ल | कार्यपालिका सदस्य | |
| १५ | इन्दु अधिकारी | कार्यपालिका सदस्य | |
| १६ | भगवती देवी वि.क | कार्यपालिका सदस्य | |
| १७ | राधिका अधिकारी (भट्टराई) | कार्यपालिका सदस्य | |
| १८ | सुकमाया गुरुङ | कार्यपालिका सदस्य | |
| १९ | कृष्ण बहादुर दुरा | कार्यपालिका सदस्य | |
| २० | राजेन्द्र वि.क | कार्यपालिका सदस्य | |
| २१ | विल बहादुर घर्ती | कार्यपालिका सदस्य | |
| २२ | शिशिर पौडेल | सदस्य सचिव | |

अन्य उपस्थिति:

| | | | |
|---|---|---|---|
| १ | ठाकुर जी तिवारी | उपसचिव | |
| २ | नरेन्द्रराज घिमिरे | लेखा अधिकृत | |
| ३ | भुवन मिश्र | स्रे. प्र. अ. | |
| ४ | | | |

**नगर-कार्यपालिकाको मिति २०८०/०५/१७ गते बसेको आ.व २०८०/८१ को दोस्रो बैठकको निर्णयहरु :**

**निर्णय नं १**

सुन्दरबजार नगरकार्यपालिकाको मिति २०८०/०४/२५ गते बसेको आ.व २०८०/८१ को पहिलो बैठकको निर्णयहरुको समीक्षा गरियो । उक्त बैठकमा १८ वटा निर्णयहरु भएकोमा निर्णयहरु कार्यान्वयनको क्रममा रहेको पाईयो ।

**निर्णय नं २**

- मिति २०८०/०४/२५ गते बसेको आ.व २०८०/८१ को पहिलो बैठकको निर्णय अनुसार ल्याण्डफिल्ड साईटको बैकल्पिक जग्गा व्यवस्थापन र फोहोरमैला प्रशोधन केन्द्र निर्माणको लागि प्रतिवेदन तयार गर्नको लागि गठन गरिएको समितिमा वडा नं ४ का अध्यक्ष, वडा नं ५ का अध्यक्ष र अमिन सदस्य थप गरी तपसिल अनुसार समिति गठन गर्ने निर्णय गरियो । साथै सुन्दरबजार नगरपालिका भित्रको फोहोर संकलनका लागि न्यूनतम रु १० लाख अंङ्कमा बोलपत्र प्रकाशन गर्ने निर्णय गरियो ।

तपसिल

संयोजक - नविन कुमार श्रेष्ठ
सदस्य- कर्न बहादुर गुरुङ्ग
सदस्य - कृष्ण प्रसाद अधिकारी
सदस्य- श्रीकाजी गुरुङ्ग
सदस्य- सुसन न्यौपाने
सदस्य सचिव- विदुर सुवेदी

**निर्णय नं ३**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९७ को उपदफा (१) (क) मा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र अन्य प्रवन्ध गर्नुपर्ने व्यवस्था भए बमोजिम नगरपालिका क्षेत्र भित्र वडा नं ६, वडा नं ७, वडा नं ८ र वडा नं ९ मा रहेका सार्वजनिक जग्गा खोजी तथा संरक्षणको लागि तपसिल अनुसार समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| दिनेश बाबु कोइराला | :संयोजक |
| सम्बन्धीत वडाका वडा अध्यक्ष | : सदस्य |
| स्थानीय प्रहरी कार्यालय प्रमुख/प्रतिनीधि | : सदस्य |
| बिल ब्रहादुर घर्ती | :सदस्य |
| खुस बहादुर गुरुङ्ग | :सदस्य |
| विवेक कुमार पण्डित | :सदस्य |
| सुसन न्यौपाने | : सदस्य सचिव |

**निर्णय नं ४**

नगरपालिकाको आ.व २०८०/८१ को कार्यक्रम संचालनको लागि तपसिलका कार्यविधि उपर छलफल गरि सर्वसम्मत रुपले पारित गर्ने निर्णय गरियो ।

तपसिल

१. मलामी सहितको सववाहन व्यवस्थापन कार्यविधि-२०८०

शिशिर पौडेल
प्रशासकीय अधिकृत

२. लागत सहभागितामा अदुवा/हलेदो खेती कार्यक्रम संचालन कार्यविधि-२०८०

३. लागत सहभागितामा प्लाष्टिक घर निर्माण/व्यवसायीक तरकारी खेती कार्यक्रम संचालन कार्यविधि-२०८०

४. युवा लक्षीत कार्यक्रम संचालन कार्यविधि-२०८०

५. कर्मचारी ईन्धन सुविधा तथा सवारी मर्मत सम्बन्धी मापदण्ड-२०८०

**निर्णय नं ५**

राष्ट्रिय भूमि आयोग, जिल्ला समिति, लमजुङको च.नं १२ मिति २०८०/०५/०६ गतेको पत्र अनुसार तपशिल अनुसारका भूमिहीनहरुलाई (फिल्डबुक चढाउने, श्रेष्ता बनाउने, लालपूर्जा बनाउने) जग्गा उपलब्ध गराउनको लागिं राष्ट्रिय भूमि आयोग, जिल्ला समिति, लमजुङलाई सिफारिस गर्ने निर्णय गरियो ।

तपशिल

| सि.नं | नाम थर | ठेगाना | सि.नं | नाम थर | ठेगाना |
|---|---|---|---|---|---|
| १ | शुसिला गुरुङ | सु.न.पा ६ | १८ | बुद्धी बहादुर गुरुङ | सु.न.पा ९ |
| २ | शर्मिला परियार बुढापृथि | सु.न.पा ६ | १९ | सुकमाया तामाङ्ग | सु.न.पा ९ |
| ३ | आईतिमाया गुरुङ | सु.न.पा ७ | २० | दिलिप तामाङ्ग | सु.न.पा ९ |
| ४ | भरत रिजाल | सु.न.पा ७ | २१ | मनमाया गुरुङ्ग | सु.न.पा ९ |
| ५ | किसान गुरुङ | सु.न.पा ७ | २२ | नानीमाया तामाङ लामा | सु.न.पा ९ |
| ६ | राम ब. मगर | सु.न.पा ७ | २३ | बालकुमारी गुरुङ | सु.न.पा ९ |
| ७ | सुक बहादुर गुरुङ | सु.न.पा ७ | २४ | बिबेक घर्ती | सु.न.पा ९ |
| ८ | सुबास थापा मगर | सु.न.पा ७ | २५ | कुम बहादुर गुरुङ | सु.न.पा ९ |
| ९ | पुतलि बस्नेत | सु.न.पा ७ | २६ | ससुधिन मिया | सु.न.पा ९ |
| १० | अस्मिता गुरुङ | सु.न.पा ७ | २७ | आसराम गुरुङ | सु.न.पा ९ |
| ११ | नर बहादुर गुरुङ | सु.न.पा ७ | २८ | चिना परियार | सु.न.पा ९ |
| १२ | कल्पना बि.क | सु.न.पा ७ | २९ | गंगा परियार | सु.न.पा ९ |
| १३ | शेर बहादुर गुरुङ्ग | सु.न.पा ७ | ३० | गौतम बि.क | सु.न.पा ९ |
| १४ | टेक बहादुर हिराचन | सु.न.पा ७ | ३१ | माकुरी दमै | सु.न.पा ९ |
| १५ | कृष्णमाया कंडेल | सु.न.पा ७ | ३२ | मंगलि दमै | सु.न.पा ९ |
| १६ | तारा मगर | सु.न.पा ९ | ३३ | लक्ष्मी परियार | सु.न.पा ७ |
| १७ | कुमारि गुरुङ | सु.न.पा ९ | | | |

**निर्णय नं ६**

गण्डकी प्रदेश सरकार स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को नियम ९(१) मा स्थानीय तहको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन कार्यपालिकाबाट स्वीकृत भएको १५ दिन भित्र स्वीकृत सङ्गठन संरचना र दरबन्दी बमोजिमको पद, सेवा, समूह वा उपसमूह एवं तह खुल्ने गरी प्रदेश किताबखानामा पठाउनुपर्ने व्यवस्था भएबमोजिम मिति २०८०/०३/२५ गतेको नगरसभाको १२ औं अधिवेशनको दोस्रो बैठकको निर्णय अनुसार पारित गरिएको यस नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन (O & M) मा स्वीकृत पद, सेवा, समूह वा उपसमूह एवं तह दरबन्दीको लागि प्रदेश किताबखानामा पठाउने निर्णय

**निर्णय नं ७**

आ.व २०८०/८१ को वार्षिक कार्यक्रम अनुसार सडक ढलान कालोपत्रे साझेदारी शिर्षकमा रु १ करोड ५० लाख विनियोजन भएकोमा नगर क्षेत्रभित्रका आन्तरीक सडकहरु नगरपालिकाको ७० प्रतिशत तथा सम्बन्धीत उपभोक्ता संस्थाको ३० प्रतिशत लागतमा आन्तरिक सडक कालोपत्रे तथा ढलान गर्ने प्रयोजनका लागी देहायका मापदण्ड तथा कागजपत्र सहीत निवेदन संकलनको लागि सूचना प्रकाशन गर्न प्रमुख प्रशासकीय अधिकृत जिम्मेबारी प्रदान गर्ने निर्णय गरियो ।

**मापदण्ड तथा कागजपत्रहरु-**

१. आन्तरिक सडकको चौडाई कम्तीमा ६ मिटर (बिल्डअप एरीया र गोरेटोबाटो बाहेक)को हुनुपर्नेछ ।
२. निर्माण गरीने सडक मूल सडक वा पिच तथा ढलान सडकसँग जोडिएको हुनुपर्नेछ ।
३. निर्माण गरीने सडकको लम्बाई कम्तीमा ५० मिटर हुनुपर्नेछ ।
४. उपभोक्ता समितिले व्यहोर्नुपर्ने लागत रकम सम्झौता गर्ने समयसम्म नगरपालिकाको धरौटी खातामा जम्मा गर्ने प्रतिबद्धता पत्र पेश गर्नुपर्नेछ ।
५. वडा कार्यालयको सिफारीस हुनुपर्नेछ ।
६. योजनाको लागत ईस्टमेट तयार भएको हुनुपर्नेछ ।
७. पहिला आउने र मापदण्ड पुगेको प्रस्तावलाई छनौटमा पहिलो प्राथमिकता दिईनेछ ।
८. उपभोक्ता समितिको अध्यक्षबाट लागत साझेदारीमा रकम विनियोजन गरिदिन नगरपालिकालाई सम्बोधन गरेको निवेदन सहित पेश गर्नुपर्नेछ ।
९. सडक कालोपत्रेको साझेदारी योजना ठेक्का प्रक्रियाद्धारा मात्र संचालन गरिनेछ ।

**निर्णय नं ८**

मिति २०८०/०४/२५ गतेको आ.व २०८०/८१ को पहिलो बैठकको सूचना अनुसार सुन्दरबजार नगरपालिकाको आर्थिक ऐन-२०८० मा व्यवस्था भए बमोजिम कवाडी करको न्यूनतम अंङ्क रु ३ लाख किटान गरी ठेक्का प्रकाशन गर्ने निर्णय अनुसार मिति २०८०/०५/०८ गते सार्वजनिक सूचना प्रकाशन गरिएकोमा कुनै पनी निवेदन नपरेको हुँदा न्यूनतम अंङ्क रु १ लाख किटान गरी पुन ठेक्का प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं ९**

सरस्वतीसदन माध्यमिक विद्यालय, सुनपा ११ सिन्दुरे लगायतका केही विद्यालयहरुमा माध्यमिक तहको विज्ञान विषय र गणित विषयका शिक्षकहरु करारमा नियुक्ति गर्नका लागि १५ दिनको म्याद राखी पटक पटक सूचना गर्दा पनि अध्यापन अनुमति पत्र सहित योग्यता पुगेका उम्मेदवारहरुको दरखास्त पर्न नआएको,

विज्ञापन अनुसार शैक्षिक योग्यता पुगेका तर अध्यापन अनुमति पत्र नभएका व्यक्तिहरु दरखास्त दिने चाहना सहित विद्यालयको सम्पर्कमा आएका,

विगतमा पनि यस्तै परिस्थिति आउँदा कार्यपालिकाले शिक्षक सेवा आयोगबाट उक्त निर्णय पश्चात हुने पहिलो विज्ञापन अनुसार अध्यापन अनुमति पत्रको नतीजा प्रकाशन भई अध्यापन अनुमति पत्र वितरण शुरु नभएसम्म कायम रहने गरी अध्यापन अनुमति पत्र भएका उम्मेदवार नआई अध्यापन अनुमति पत्र नभएका तर शैक्षिक योग्यता पुगेका उम्मेदवारको मात्र दरखास्त परेमा यस्ता उम्मेदवार बीच मात्र प्रतिस्पर्धा गराई करारमा शिक्षक नियुक्त गर्न सकिने निर्णय गरेको दृष्टान्त रहेको,

उल्लिखित तथ्यहरुलाई आधार मानी शिक्षक व्यवस्थापनका सम्बन्धमा तपसिल बमोजिम गर्ने निर्णय गरियो :

क) नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाबाट स्वीकृत दरबन्दी वा राहत अनुदान वा शिक्षण सिकाइ अनुदानबाट करारमा शिक्षक नियुक्तिका लागि अनुमति प्राप्त भए पछि विद्यालयले नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा तथा विद्यालयमा दरखास्त दिन सकिने गरी सूचना गर्ने,

शिशिर पौडेल
अधिकृत

ख) माध्यमिक तहको गणित वा विज्ञान विषयको शिक्षक पदमा अध्यापन अनुमति पत्र भएका वा नभएका दुवै थरि उम्मेदवारको दरखास्त लिन सकिने,

ग) यस निर्णयको खण्ड ख) बमोजिम अध्यापन अनुमति पत्र भएका तथा नभएका दुवै थरि उम्मेदवारको दरखास्त परेमा अध्यापन अनुमति पत्र नभएका उम्मेदवारको दरखास्त शुल्क फिर्ता गरी अध्यापन अनुमति पत्र भएका उम्मेदवारको मात्र दरखास्त स्वीकृत गरी उनीहरु बीच नियम अनुसार प्रतिस्पर्धा गराई सफल उम्मेदवारलाई शिक्षक पदमा करारमा लिने,

घ) यस निर्णयको खण्ड ख) बमोजिम दरखास्त माग गर्दा अध्यापन अनुमति पत्र नभएका उम्मेदवारहरुको मात्र दरखास्त परेमा निजहरु बीच प्रतिस्पर्धा गराई सफल उम्मेदवारलाई शिक्षक पदमा करारमा लिने,

ङ) शिक्षक सेवा आयोगबाट यस पछि हुने पहिलो विज्ञापन अनुसार खण्ड घ) बमोजिम करार गरिएको शिक्षक सफल भएमा निजलाई निरन्तरता दिन सकिने तर निज असफल भएमा उक्त विज्ञापनको नतीजा प्रकाशन भई अध्यापन अनुमति पत्र वितरण शुरु भएको ३० दिन पश्चात यस्तो शिक्षकको करार स्वत: अन्त्य हुने ।

**निर्णय नं १०**

सडक बोर्ड नेपालबाट यस नगरपालिकामा आ.व २०८०/८१ मा संचालन हुने नियमित कार्यक्रमलाई असर नपर्ने गरी सुन्दरबजार नगरपालिका वडा नं ४ स्थित जुगेपांनी आगेडाँडा हुँदै मिलन चोक जोड्ने सडक कालोपत्रे योजना संचालनका लागि सडक बोर्ड नेपाल, काठमाण्डौलाई अनुरोध गर्ने निर्णय गरियो ।

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत